स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी र डेब्यू अभिनेत्री प्रिन्सी खतिवडाको प्रेमिल केमेस्ट्रि जगेको फिल्म बाढुलो जुनमा समावेश गीत सार्वजनिक गरिएको छ। फिल्मको अल्लारे ठिटो आयो बोलको डान्सिङ नम्बर निर्माण चुट्चुबबाट सार्वजनिक गरिएको हो। पुरानो नेपाली समाजको मौलिक परिवेशमा तयार पारिएको गीतको भिडियोमा अनमोल र प्रिन्सीबीचको दोहोरी नोकझोक र प्रेमिल भाव देखाइएको छ।

आजको विचार...



सापकोटाको ...
(दुई पेजमा)

देवराज चालिसे

अभिनेत्री उपासना सिंह ठकुरी अभिनीत नयाँ नेपाली चलचित्र "जलाकी"को आधिकारिक ट्रेलर सार्वजनिक भएको छ। केही दिन अघि ललितपुरको लबिम मलमा आयोजित कार्यक्रमबीच सार्वजनिक गरिएको ट्रेलरमा मगर समुदायको संस्कृति, परिवेश र प्रेमकथालाई प्रस्तुत गरिएको छ। चलचित्रमा उपासना अभिनेता सोनम तोप्देन्सँग मुख्य भूमिकामा देखिएकी छन्। ट्रेलर सार्वजनिक कार्यक्रममा अभिनेत्री उपासनाले "जलाकी" आफ्नो अभिनय यात्राकै विशेष चलचित्र भएको बताएकी छन् ।



❐ वर्ष ३२ ❐ अंक १०८ ❐ २०८३ कार्तिक २९ गते आइतबार 15 November 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

सक्षिप्त समाचार

अमेरिकामा हवाई सेवा ठप्प

बीबीसी

अमेरिका, कार्तिक २८/ एयर ट्राफिक कन्ट्रोल (एटीसी) को सञ्चार प्रणालीमा प्राविधिक समस्या आएपछि अमेरिकाभरका उडान रोकिएका छन् । सन् २००१ सेप्टेम्बर ११ (९/११) को आतंकवादी आक्रमणपछि अमेरिकी हवाई सेवामा पहिलोपटक यति व्यापक असर परेको अधिकारीहरूले बताएका छन् ।

अमेरिकाको राष्ट्रिय यातायात सुरक्षा बोर्ड (एनटीएसबी) का पूर्वप्रमुख रोबर्ट एल. समवाल्टले सन् २००१ को आक्रमणपछि अमेरिकी उडानमा यति व्यापक अवरोध कहिल्यै नभएको बताएका छन् । सीबीएस न्युजसँग कुरा गर्दै उनले आधुनिक प्रविधिको युगमा पनि यस्तो समस्या आउनु आश्चर्यजनक भएको बताए । अमेरिकी गृह सुरक्षा मन्त्री मार्कवेन मुलिनले घटनापछि अमेरिकामाथि कुनै आक्रमण भएको संकेत नरहेको र सबै सुरक्षित रहेको बताएका छन् । उनले यो घटना अर्को ९/११ नभएको भन्दै सर्वसाधारणलाई आश्वस्त पार्ने प्रयास गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि फक्स न्युजसँग कुरा गर्दै समस्या साइबर आक्रमण वा एआईका कारण भएको जस्तो नदेखिएको बताएका छन् । यसअघि अमेरिकी विमान अधिकारीहरूले सुरक्षाको कारण देखाउँदै सबै उडान रोक्न आदेश दिएका थिए ।

१० करोड खर्चेको कान्तिताल अलपत्र, लागुऔषध दुर्व्यसनीको अखडा बन्दै

राष्ट्रिय समाचार समिति (रासस) राँका (बाँके), कार्तिक २८/ नेपालगञ्ज उपमहानगरपालिका-२१ र २२ मा अवस्थित कान्तिताल संरक्षण र उचित रेखदेखको अभावमा अलपत्र परेको छ।नेपालगञ्ज सहरकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सोचका साथ उपमहानगरपालिकाले विसं २०७५ मा महत्वाकांक्षी योजना अघि बढाएको थियो। तर, संरक्षण र व्यवस्थापन नहुँदा तालको अवस्था जीर्ण बन्दै गएको हो ।

स्थानीय पूर्वाधार विकास र सौन्दर्य अभिवृद्धिका लागि नेपालगञ्ज उपमहानगरपालिकाले यहाँ करिब १० करोड रुपैयाँ खर्च गरिसकेको छ । सौन्दर्यका लागि हालिएका आकर्षक रेलिङहरू भत्किएका छन् भने सिङ्गो ताल क्षेत्र झाडी र बुटयानले भरिएर आफ्नो अस्तित्व नै गुमाउने अवस्थामा पुगेको नेपालगञ्ज-२२ पुरैनीका अगुवा चेतबहादुर थापाले बताए।थापाका अनुसार कान्तिताल केवल भौतिक पूर्वाधार मात्र नभई जैविक विविधताको



दृष्टिकोणले पनि उत्तिकै महत्त्वपूर्ण छ। यहाँ विभिन्न प्रजातिका चराचुरुङ्गीहरूको प्राकृतिक बासस्थान रहेको छ। पर्यावरण र चरा संरक्षणको क्षेत्रमा कार्यरत अभियन्ताहरूले तललाई पुरानै लयमा फर्काउन र यसको प्राकृतिक स्वरूप जोगाउन निरन्तर आवाज उठाइरहेका छन्। सरोकारवाला निकायलाई पटक-पटक घच्घच्याउँदा पनि हालसम्म कुनै ठोस सुनुवाइ हुन सकेको छैन ।झाडीले ढाकिएको यो ताल क्षेत्र रात परेपछि झनै जोखिमपूर्ण बन्ने गरेको छ । अहिले कान्तिताल लागुऔषध दुर्व्यसनीहरूको सुरक्षित जमघटस्थल बनेको छ । साँझपख यहाँ हुने शंकास्पद गतिविधिले आसपासका बासिन्दालाई त्रसित बनाएको थापाले बताए ।ताल सञ्चालनका लागि वार्षिक २८ लाख रुपैयाँ उपमहानगरलाई राजस्व बुझाउने सम्झौतासहित ठेक्का लिएका फनबहादुर गुरुङले ताल परिसरमा बनाइएका रेलिङ र पूर्वाधारहरू लागुऔषध प्रयोगकर्ताहरूले तोडफोड गरेको हुन सक्ने बताए । नेपालगञ्ज उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले विगतमा बनाइएका योजनाहरू सोचेजस्तो सफल हुन नसकेको स्वीकार गरे । उनले भने, 'विगतमा बनाइएका योजनाहरूले अपेक्षाकृत नतिजा दिन सकेनन् ।' सरोकारवाला निकायका प्रतिनिधिहरूसँग गहन छलफल गरेर कान्तितालको दिगो संरक्षण र व्यवस्थापनका लागि प्रभावकारी नयाँ योजना बनाउने तयारी भइरहेको उनले जानकारी दिए । कुनै समय नेपालगञ्जको पर्यटन र आर्थिक समृद्धिको ढोका खोल्ने अपेक्षा गरिएको कान्तितालको तत्काल संरक्षण गरिनुपर्ने नेपालगञ्जका नागरिक अगुवा कृष्णप्रसाद श्रेष्ठले बताए ।

मधेशका मुख्यमन्त्री यादवले दिए राजीनामा



पाल्पा, कार्तिक २८/मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत नलिँदै राजीनामा दिएका छन् । शनिबार बसेको प्रदेशसभा बैठकमा सम्बोधन गर्दै उनले राजीनामा दिएको घोषणा गरेका हुन् ।

गत मंसिर १९ गते मधेस प्रदेशको मुख्यमन्त्रीमा नियुक्त नेपाली कांग्रेसका संसदीय दलका नेता समेत रहेका यादवले विश्वासको मत पाउने अवस्था नदेखेपछि राजीनामा घोषणा गरेका हुन् । सभामुख रामअशिष यादवले विश्वासको मत मागन समय दिएकोमा रोष्टममा सम्बोधन गर्दै मुख्यमन्त्री यादवले आफू पदमा रहेको समयको उपलब्धि सुनाउँदै राजीनामाको घोषणा गरेका हुन् । सत्ता साझेदार दल नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादव अल्पमतमा परेका थिए । उनको राजिनामा सँगै प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया सुरु भएको छ । प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले मुख्यमन्त्रीमा नियुक्तिका लागि दाबी पेस गर्न आह्वान गरेका छन् । प्रदेश प्रमुखको कार्यालयले नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न मंसिर ४ गते शुक्रबार दिउँसो ४ बजेसम्म समय दिएको हो ।

आज छठ पर्व मनाइँदै

पाल्पा, कार्तिक २८/आज छठ पर्वको मुख्य दिन साँझ अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ्य दिइँदैछ । कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको यो पर्व शुक्रबारदेखि सुरु भएको हो ।

छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा भुप्पा-भुप्पा फल चढाउँदा सूर्य देवता प्रसन्न भई व्रतालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता रहेको छ । कार्तिक शुक्लपक्षमा चारदिनसम्म मनाइने छठपर्वको तराईमधेसमा यतिबेला अलग्गै रौनक छाएको छ । छठपर्व मनाउनेहरुले पोखरी, नदी, तलाउलगायतका जलाशयहरुलाई सरसफाई गरी सजावट गरी जलाशयहरुलाई दुलहीझैं सिंगारेका छन् । छठपर्वको पहिलो दिन शुक्रबार नहायखाय विधि सम्पन्न गरिएको छ । कार्तिक महिनाको शुक्ल पक्षको चतुर्थी तिथीका दिन बिहान व्रतालुहरुले विहानै नहायखाय विधि अर्थात नुहाएर खाएका थिए । त्यो दिन व्रतालुहरुले नुहाइ धुवाइ गरि चोखो भइ प्याज र लसुन समेत नमिसाइएको शुद्ध शाकाहारी भोजन ग्रहण गर्छन् ।

कार्तिक शुक्लपक्षको पञ्चमी तिथी



अर्थात् पर्वको दोस्रो दिन खरना विधि गरिएको छ । खर्नाका दिन व्रतालु महिला र पुरुषहरुले दिनभरि उपवास बसेर साँझ दूध, चामल र सख्खर हालेर पकाइएको खिर, केरालगायत विभिन्न फलफूल तथा मिठाइ सजाएर छठ देवतालाई आगमनको निम्तो दिँदै कुल देवताको पूजा गरिसकेपछि व्रतालुसहित घरपरिवारका सबै सदस्य त्यही सामग्री प्रसादका रूपमा ग्रहण गरी खरना विधि सम्पन्न गरिएको हो । त्यस्तै षष्ठी तिथी अर्थात् पर्वको तेस्रोदिन आज अस्ताउँदो सूर्य र सप्तमी तिथीमा उदाउँदो सूर्यलाई अर्घ दिई छठ पर्व विधिवत रुपमा समापन गरिन्छ । पर्वको अन्तिम दिन सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ व्रत विधिवत् रूपमा सम्पन्न हुनेछ । यस दिन व्रतालुले सूर्यदेवलाई अर्घ्य अर्पण गरी परिवारको सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा सन्तानको दीर्घायुको कामना गर्ने धार्मिक विश्वास रहेको छ । विशेषगरी तराई-मधेश क्षेत्रमा श्रद्धा र भक्तिपूर्वक मनाइने छठ पर्व पछिल्लो समय काठमाडौं उपत्यकासहित पहाडी तथा हिमाली जिल्लामा समेत लोकप्रिय बन्दै गएको छ। यस पर्वमा महिला तथा पुरुष दुवैले व्रत बस्ने र परिवारका सदस्यहरू मिलेर पूजा तथा व्यवस्थापन गर्ने परम्परा छ । छठ पर्वले धार्मिक आस्था मात्र नभई सामाजिक सद्भाव, पारिवारिक एकता, प्रकृति संरक्षण र सांस्कृतिक पहिचानलाई समेत जोड्ने गरेको छ । सूर्य र जललाई विशेष महत्व दिइने यस पर्वमा नदी, पोखरी तथा जलाशयको सरसफाइ गर्ने परम्पराले वातावरण संरक्षणको सन्देशसमेत दिने गरेको छ।जातीय, भाषिक तथा सांस्कृतिक विविधतामाबीच आपसी सद्भाव र एकताको भावना अभिवृद्धि गर्ने छठ पर्वलाई नेपालका विभिन्न समुदायले साझा सांस्कृतिक उत्सवका रूपमा मनाउन थालेका छन् ।

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२

जनचेतना

सम्पादकीय

सांस्कृतिक सम्पत्तिको संरक्षण गरौं

पुराना मूर्तिकला, चित्रकला, हस्तकला, ऐतिहासिक स्थल र अन्य सांस्कृतिक सम्पत्तिको चोरी तथा अवैध तस्करी रोक्न चेतना फैलाउने उद्देश्यका साथ शनिबार विश्वका विभिन्न देशमा सांस्कृतिक सम्पत्तिको अवैध ओसारपसारविरुद्धको अन्तरराष्ट्रिय दिवस मनाइएको छ । संयुक्त राष्ट्रसंघको आह्वानमा पाँच वर्षअघिदेखि यस दिनलाई अन्तरराष्ट्रिय दिवसका रूपमा मनाउन थालिएको हो । राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृति सङ्गठन (युनेस्को)ले नेपालजस्तो सांस्कृतिक धरोहरले समृद्ध देशका, काठमाडौँ, भक्तपुर, ललितपुरलगायत स्थानका पुराना मन्दिर, मूर्तिकला र ऐतिहासिक भवनहरूको संरक्षणमा जोड दिएको छ । तर यिनीहरुको उचित संरक्षण हुन सकेको छैन । यो अत्यन्त दुखको कुरा हो ।

सांस्कृतिक सम्पत्ति कुनै पनि देशको इतिहास, पहिचान, सभ्यता र गौरवसँग जोडिएको अमूल्य धरोहर हो । मठमन्दिर, गुम्बा, चैत्य, मूर्ति, पुरातात्विक वस्तु, ऐतिहासिक दस्तावेज, चित्रकला तथा अन्य कलात्मक सामग्रीले विगतको सभ्यता र जीवनशैलीलाई वर्तमान पुस्तासम्म जोड्ने काम गर्छन् । यस्ता सम्पत्ति केवल भौतिक वस्तु मात्र होइनन्, राष्ट्रको इतिहास र सांस्कृतिक पहिचानका जीवन्त प्रमाण पनि हुन् । तर पछिल्लो समय सांस्कृतिक सम्पत्तिको चोरी, तस्करी र अवैध ओसारपसार विश्वकै गम्भीर समस्याका रूपमा देखिएको छ ।

नेपालका सन्दर्भमा यो विषय अझ संवेदनशील छ । यहाँका प्राचीन मूर्ति, पौवा चित्र, धातुका कलाकृति, शिलालेख, पुराना धार्मिक सामग्री तथा ऐतिहासिक वस्तु चोरी गरी विदेश पुऱ्याइएका उदाहरण छन् । काठमाडौँ उपत्यकाका विभिन्न मठमन्दिरबाट हराएका मूर्ति तथा कलाकृति यसको गम्भीर उदाहरण हुन् । केही सम्पत्ति विदेशबाट फिर्ता ल्याइए पनि अझै धेरै नेपाली सांस्कृतिक सम्पत्ति आम्दनो मौलिक स्थानबाट टाढा छन् । यसले हाम्रो सम्पदा संरक्षण प्रणालीमा रहेका कमजोरीलाई उजागर गर्छ । सांस्कृतिक सम्पत्तिको अवैध ओसारपसार रोक्न सबैभन्दा पहिले यसको संरक्षणप्रति राज्य गम्भीर हुन आवश्यक छ । पुरातात्विक तथा ऐतिहासिक महत्वका वस्तुको अभिलेखीकरण, नियमित अनुगमन, सुरक्षा व्यवस्था र हराएका सम्पत्तिको खोजीलाई प्राथमिकता दिनुपर्छ । सीमावर्ती नाका, विमानस्थल तथा भन्सारमा निगरानी प्रभावकारी बनाउनुपर्छ। पुराना मूर्ति, चित्रकला तथा अन्य कलात्मक वस्तुको खरिदबिक्री गर्दा तिनको स्रोत र स्वामित्वको वैधता जाँच्ने व्यवस्था पनि कडाइका साथ लागू हुनुपर्छ । स्थानीय समुदायको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । मठमन्दिर, गुम्बा, ऐतिहासिक स्थल तथा पुरातात्विक सम्पदाको संरक्षण केवल सरकार वा सम्बन्धित निकायको जिम्मेवारी होइन । स्थानीय बासिन्दा, धार्मिक संस्था, युवा पुस्ता, सञ्चारमाध्यम र नागरिक समाज सबैले आम्दनो ठाउँको सम्पदाप्रति चासो राख्नुपर्छ । दिवस मनाउनु औपचारिकतामा मात्र सीमित हुनुहुँदैन । हाम्रा ऐतिहासिक सम्पदाको पहिचान, संरक्षण र संवर्द्धनमा व्यवहारमै प्रतिबद्ध हुन सके मात्र भावी पुस्तालाई समृद्ध सांस्कृतिक विरासत हस्तान्तरण गर्न सकिन्छ । तसर्थ सम्पदा हाम्रो इतिहास हो, पहिचान हो र भविष्यका पुस्ताप्रतिको हाम्रो साझा जिम्मेवारी पनि भएकाले संरक्षणतर्फ सबैले ध्यान दिन जरुरी छ ।

Opinion @ Social Network

सबैको सोच बदल्न सकिदैन,
बस आफ्नो भविष्य चाहिँ सकिन्छ कोसिस गर्नुस् हैं ।
(बिरु थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Biru.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

सापकोटाको अडियो प्रकरणले उब्जाएका प्रश्नहरू



देवराज चालिसे

देशको पछिल्लो राजनीतिमा दुई मोबाइलका दुई दिन निकै चर्चित रहे। यी मोबाइलले सत्तासँग जोडिएका अनेकौं प्रश्नहरू बहसका लागि छाडेर गएको छ।

प्रश्न हो, एउटा बिचौलिया जो कुनै औपचारिक जिम्मेवारीमा छैन तर पूर्व प्रधानन्यायाधीश, बहालवाला न्यायाधीश, प्रहरीका उच्च अधिकारीहरू र प्रधानमन्त्रीको सचिवालयसम्म कसरी पुग्यो ? उसको पहुँचको स्रोत के हो र ऊ कसको प्रतिनिधि बनेर हिँडिरहेको र कसका लागि काम गरिरहेको थियो ? यो प्रसंगमा सार्वजनिक भएका समाचारहरूले नेपालको सत्ता राजनीति, सुरक्षा अंग र न्यायालयलाई एकैपटक विवादमा तानेको छ। यसले एउटा बिचौलिया व्यक्तिसँग सम्बन्धित कथामात्र बन्दैन, एउटा सामान्य ठानिएको बिचौलिया राज्यको संवेदनशील निकायसम्म कसरी पहुँच विस्तार गर्न सक्दछ भन्ने विषयलाई समेत सतहमा ल्याएको छ।यिनको पृष्ठभूमिले प्रधानमन्त्रीको झापाको चुनावदेखि ढाक्मा उम्मेदवार सिफारिस गर्न सक्ने हैसियत राखेको देखिन्छ। सरकार, न्यायालय र सुरक्षा निकायसम्म विस्तार भएको यिनको प्रभाव चोलेन्द्र शमशेरमा मात्र सीमित भएको अनुमान गर्न सकिँदैन। चौथो वरीयताबाट पहिलो वरीयतामा पुऱ्याउने निर्णय प्रक्रियामा समेत यिनको भूमिका कुनै न कुनै रूपमा सम्बन्धित थियो भन्ने अनुमान सहजै गर्न सकिन्छ। यो पहुँच पुरनुमा उनको व्यक्तिगत क्षमता मात्र थियो कि सत्ताको कुनै अदृश्य संरक्षण पनि थियो ? त्यसैले प्रश्न उठ्छ, त्यो बेलाका संवाद र सम्पर्कहरूको निष्पक्ष छानबिन किन नगर्ने ? तर छानबिन कसले गर्ने ?यसबीच सरकारले सयौं नियुक्ति र निर्णय गऱ्यो, अदालतमा हजारौं फैसलाहरू भए। के ती सबै प्रक्रियामा यी शक्तिशाली बिचौलियाको कुनै सम्पर्क र प्रभाव थिएन ? किन कांग्रेससँग सम्बन्धित निर्वाचन आयोग र अदालतले दिएको निस्सासँग सम्बन्धित कथित बयानलाई मात्र कथा बनाई प्रचारको विषय बनाइएको छ ? त्यो बयान थियो कि बिचौलिया र सरकारका प्रतिनिधि बसेर बनाइएको सरकारी स्क्रिप्ट थियो ? जबकि प्रहरीले बयान लिइएकै दिन भनेको छ र बयान लिइएको भए पनि फौजदारी कानुनअनुसार अदालतमा मुद्दा दायर नभई त्यो सार्वजनिक हुने सक्दैन। सरकारी पटकथा जस्तो लाग्ने कथित बयानमा "चोलेन्द्रले भनेको अरे" भन्ने आधारमा एउटा ऐतिहासिक पार्टी र यसका सम्मानित नेताहरू विरुद्ध यति तल झरेर विषवमन गर्नुपर्ने प्रतिशोधको राजनीति त्यसै अन्त्य हुने छैन। यस विषयमा गम्भीर अनुसन्धान हुनै पर्दछ र अनुसन्धानको दायरा सत्ताको राजनीतिक सुविधाअनुसार साँघुरो पार्न मिल्दैन। अझ गम्भीर प्रश्न दुईवटा मोबाइल अनि त्यो दुई दिन बनेको छ। समाचारअनुसार प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएको मोबाइल गृहमन्त्री हुँदै प्रधानमन्त्रीका सल्लाहकारको निजी निवासमा पुगेको विषय छ। प्रहरी स्रोतले त्यो दुई दिनभित्र मोबाइलमा रहेको सन्देश मेटिएको, केही थपिएको र स्किनसट लिइएको दाबी गरेको छ। सायद प्रहरी प्रमुखको बर्खास्तगीको कारण यसैलाई बनाइएको हुन सक्छ। तर प्रश्न उठ्छ, (प्रहरी प्रमुखलाई थाहा थियो वा थिएन त्यो यसै भन्न सकिएन) प्रहरीले बरामद गरेको प्रमाण कसको अनुमतिमा प्रहरीको नियन्त्रणबाहिर पुग्यो ? कसले लग्यो, किन लग्यो ? के गरियो, के थपियो ? के हटाइयो ? अनुसन्धानका लागि सुरक्षित हुनुपर्ने प्रमाणमाथि पहुँचको अधिकार कुन कानुनले अनधिकृत व्यक्तिलाई दियो ? अनुसन्धान प्रहरीले गर्ने कि सत्ताको सचिवालयले ? यो हदको सत्ताको दुरुपयोग अक्षम्य मानिन्छ।ती दुई दिन, अनुसन्धानमा रहनुपर्ने मोबाइलबाट ह्वाट्सएप संवादको स्किनसट छानीछानी किन्ता किस्तामा सार्वजनिक गर्ने काम भयो तर सत्तासँग जोडिएका प्रमाणहरू मेटिए। सरकार निर्देशित बयानको अडियो बजारमा आयो। यो अवस्थाले यसको निष्पक्ष अनुसन्धान हुन्छ भनी विश्वास गर्ने ठाउँ दिएको छैन। एउटा लोकोक्ति छ, "घरमा आगो लागे तालको पानीले निभाउला तर तालमै आगो लागे के ले निभाउने ?"जब राज्य र यसका अनुसन्धान गर्ने निकायमाथि नै प्रश्न उठ्छ तब शंका उत्पन्न हुन्छ। जब सत्तानिकट अनुसन्धान निष्पक्षताभन्दा बलियो देखिन थाल्दछ तब नागरिकले न्यायप्रति भरोसा गर्ने स्थिति रहँदैन। यही हो तालमा आगो लागेको अवस्था। राज्यका निकायहरू कुनै दल वा व्यक्ति विशेषका निजी इकाइ होइनन्। प्रहरी, प्रधानमन्त्रीको सल्लाहकारको निजी संयन्त्र होइन, यो उनको सुविधाअनुसार चल्ने संस्था पनि होइन। तर जे नहुनुपर्ने हो त्यही भएको छ र अनुसन्धानलाई राजनीतिक प्रतिशोध साध्ने औजार बनाउन खोजिएको प्रतीत हुन्छ।सरकारले बुझ्नुपर्दछ सामाजिक सञ्जालबाट परिचालित सत्ता नियन्त्रित भीडले केही समय स्यालहुइयाँ मच्चाउन सक्दछ तर राज्य सञ्चालनको वैधानिकता सामाजिक सञ्जालको लाइक, कमेन्ट र प्रचारको लोकप्रियताबाट प्राप्त हुँदैन। सत्ताको वैधता संविधान, कानुन र जवाफदेहिताबाट प्राप्त हुन्छ। कुप्रचारको लागि सबैभन्दा राम्रो सुविधा भनेको त्यसलाई प्रमाणित गर्नु पर्दैन तर सत्यको सबैभन्दा ठूलो आधार भनेको त्यसलाई प्रमाणित गर्नु हो। एउटै आरोप सयपटक गोयबल्स शैलीले दोहोऱ्याउँदैमा असत्य सत्य हुँदैन, अपुष्ट र हावादारी सूचना जति पटक प्रसारण गरे पनि त्यो प्रमाण बन्दैन। तीव्र प्रचारले केही समय जनमत प्रभावित हुन सक्छ तर प्रमाणको स्थान लिन सक्दैन। किनकि भ्रमको आयु छोटो हुन्छ।

कांग्रेसको वैधानिकतासँग जोडिएको 'अरे' प्रकरण

यो प्रकरणमा कांग्रेसको वैधानिकतालाई अनावश्यक विवादमा तान्ने प्रयास भएको छ। जनताको स्वतन्त्रता, प्रजातन्त्र, कानुनी शासनको पक्षमा स्थापनाकालदेखि संघर्षरत र प्रतिबद्ध पार्टी जसले यिनै उद्देश्यका लागि हजारौं सहिद जन्माएको छ र हजारौं हजारले जेल तथा निर्वासनको यातना भोगेका छन्, यसलाई विवादमा तान्ने यो हदको प्रयास निन्दनीय छ, पूर्ण रूपमा खारेजयोग्य छ। कांग्रेस पार्टीको सञ्चालनको आधार भनेकै यसको विधान हो। विशेष होस् वा नियमित अधिवेशन पार्टीको विधानले नै यसलाई नियमन गरिरहेको हुन्छ। पार्टीसँग जोडिएका निर्णय र नेतृत्व चयनको वैधानिकता विधानसँग जोडिएको विषय हो र यसको परीक्षण देशको कानुनले, संविधानले गर्दछ। अदालत वा निर्वाचन आयोगले पार्टी विधानका अक्षरहरू बदल्न सक्दैनन्। प्रतिनिधिहरूको सहभागिता र आम कार्यकर्ताहरूको समर्थन नै यसको अर्को वैधानिक आधार हो। यसैको धरातलमा पार्टी जीवित रहेको हुन्छ। पार्टीभित्र विमति र असहमतिहरू हुन सक्छन्, लोकतान्त्रिक पार्टीभित्रका यी सामान्य विषय हुन् र यसको समाधान गर्न पार्टी सक्षम हुनु पर्दछ।पार्टीको वैधानिकतासँग बिचौलियाको प्रसंग जोड्नु भनेको पार्टीको गौरव र ऐतिहासिकतालाई अवमूल्यन गर्नु हो।दुःखको कुरा आनै आँगन कोतरेर छारो उडाउने केही साथीहरू पनि देखिए। त्यही अडियोमा बैंकक र अदालती निस्साका शब्द नसुनेझैं गरी चोलेन्द्रको भनाइ मात्र टिप्नु आफैंमा अचम्म हो। राजनीतिमा आस्था व्यक्तिभन्दा माथि हुन्छ। आनै आस्थाको अस्तित्वमाथि चुनौती दिने षड्यन्त्रलाई मद्दत पुग्ने गतिविधिलाई बल पुऱ्याउनु दुर्भाग्य मात्र होइन, आत्मघात पनि हो। घरमा आगो लगाएर ताप्ने कामले व्यक्तिको विरोध होइन आनै पहिचानको अपमान भइरहेको हुन्छ। आज बोलेका शब्द र कर्महरूले भोलि संकटमा एकै ठाउँमा उभिने ठाउँ राख्नुपर्दछ। अंशबन्डाको झगडाझैं पार्टीको विवाद अदालतमा लानु नै उचित थिएन, जे हुन्थ्यो घरभित्रै हुन्थ्यो।तर पनि घरभित्रका हुन् वा बाहिरका, यो बुझ्नु जरुरी छ, कांग्रेस कुनै अस्थायी प्रतिक्रियाबाट जन्मिएको भीड हुँदै होइन। सामाजिक सञ्जालका स्टाटस र उत्तेजनात्मक भाषणका आधारमा यसको सिद्धान्त, इतिहास र संगठन निर्माण भएको होइन। पद नहुँदा पनि कांग्रेस भएर बाँच्नेहरूको काखमा नै कांग्रेस बाँचेको हो। कांग्रेसबाट लाभ लिनेहरूलाई यो घटनाले कति छोएको छ थाहा छैन तर हमेशा दिनेहरूलाई कांग्रेसको अस्तित्वसँग छेडखानी गरेको सहृय हुँदैन। सत्तापक्षले पनि आफ्नो फुस्किएको धोती आफैं सम्हाल्न लाग हुन्छ, अरूको आडको कपडा नाप्न सिखण्डी खडा गर्नुको कुनै अर्थ छैन।

सरकारसँग जोडिएको प्रश्न

अहिले सरकारसामु सीधा प्रश्न छ, इनम सापकोटा प्रकरणमा सरकारी धारणा के हो ? प्रश्न उसलाई के बोल्न लगाइयो भन्नेमा सीमित छैन, उसको मोबाइलमा के थियो ? दुई दिनसम्म प्रधानमन्त्रीको सल्लाहकारको नियन्त्रणमा कसरी आयो यसको कानुनसम्मत जवाफ दिन सक्नुपर्दछ। मोबाइलबाट सरकारसम्बन्धी सूचना किन हटाइयो ? सल्लाहकारलाई यो गैरकानुनी उन्मुक्ति कसरी मिल्यो ? प्रमाण नष्ट गर्ने वा छेडखानी गर्ने मानिसलाई फौजदारी कानुनअन्तर्गत कारबाही गर्न सरकार तयार छ वा छैन ? यसको जवाफ दिनुपर्नेछ र बाँकी अनुसन्धान निष्पक्ष हुनेछ भन्ने विश्वासिलो आधार दिनुपर्दछ। न्यायको मापदण्ड व्यक्ति र पार्टी हेरेर बदलिनु हुँदैन। के मध्यरातमा जाग्ने सरकारबाट यो अपेक्षा गर्न सकिन्छ ? प्रतीक्षा गरौं।

एउटा व्यङ्ग्यात्मक भनाइ छ, "When a clown moves into a palace, he doesnÚt become a king. The palace becomes a circus." हाम्रो कामना छ, सरकार सरकारजस्तो होस्। आनो सीमा र मर्यादा ध्यान गरे पुग्छ।सत्ताको उन्मादमा इतिहासलाई चुनौती दिने काम नगरियोस्। सद्दाम हुसेन, मुअम्मर गद्दाफी र हिटलरजस्ता शासकहरूको पतनका ऐतिहासिक कारण फरक थिए होलान्, तर तिनका शासनका अनुभवले एउटै सन्देश दिएको छ, शक्ति निरपेक्ष र सत्ता असीमित हुँदैन। लोकतन्त्रमा नेतृत्वको वैधता नागरिकको विश्वास, संविधानको सीमा र संस्थागत जवाफदेहिताबाट निर्देशित हुन्छ। घडीको सुई कसैको नियन्त्रणमा हुँदैन। आज सत्ताको आडमा दबाइएका, लुकाइएका वा ओझेलमा पारिएका प्रश्नहरू भोलि फेरि उठ्न सक्छन्। आज जवाफ दिन नचाहनेहरूले भोलि जवाफ दिनुपर्ने परिस्थिति आउन सक्छ। इतिहासले कसैलाई सधैं उन्मुक्ति दिँदैन। अहंकारको आयु सत्ताभन्दा पनि छोटो हुन्छ।प्रश्न हो, तालमा समेत आगो लागिसकेको छ। आगो लागेको आशंकामाथि प्रश्न गर्नेहरूलाई नै दोष देखाएर तालको पानी सुरक्षित छ भन्ने भ्रममा रहनु व्यर्थ छ, व्यँझनुहोस्। पाँच वर्ष सरकारको विकल्पमा कसैले आँखा लगाएको छैन।जब व्यक्ति आनै छायादेखेर तर्सिन थाल्छ, तब समस्या छायामा होइन, उसको मनभित्र लुकेको डरमा देखिन्छ। आफू ठीक छु भन्ने विश्वास हुनेलाई ऐना देख्दा डर लाग्दैन। तर आफ्नै अनुहारसँग सामना गर्ने साहस गुमेपछि ऐना फुटाउने कार्य आत्मघाती हुन्छ। शुभकामना छ, त्यस्तो नहोस्। अरूलाई होचो देखाएर आफू अग्लो हुने कोसिस गर्नुभन्दा आफैं अग्लो हुने कर्म गर्नु सबैका लागि हितकर छ। जनताको चुल्हो र आँगनका समस्याहरूमा सबैको ध्यान केन्द्रित होस्, सत्ताको असक्षमता र क्रमिक अलोकप्रियतालाई विषयान्तर गरेर केही फाइदा हुँदैन। आग्रह छ, सरकारले आलोचकलाई होइन, आफूलाई प्रश्न गरोस्। लोकतन्त्रमा सरकारको परीक्षा उसका प्रशंसकले होइन, उसका अनुत्तरित प्रश्नले लिन्छन्। *(चालिसे कांग्रेसका निवर्तमान प्रवक्ता हुन्)*

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५५६००९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-९९१५५५

अस्पताल कार्यालय
लुम्बिनीस्टि अस्पताल ०७१-५५५५५७, ५५५५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
भिसलअस्पताल पाल्पा ०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४९१२०१
पिकेन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धपोखरा महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेट्रिटेक अस्पताल ५४१०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००५४

एम्बुलेन्सहरु.
रोटरी क्लब बुटवल ०७१-५४६६००
लिग्रो क्लब अप बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०८६३
रेखुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१९५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००५५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८१-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४७०८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो ९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल ९५४७०२१२६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बगाई क्लब बगाई ०७६-६९०७०२
रेडक्रस बेल्हा ०७५-५४७७९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यु एकता क्लब तानसेन : ०७५-५२२२०७
परिवार नियोजन संघ पाल्पा : ९८४७७०२७६५
रामपुर टे.इन्टी.:९८५७७६२४७,९८५७७६०५०४

दैनिक राशिफल

मेष : सन्तान पक्षबाट उपहार मिल्ला । रमाइलो यात्राले मन खुसी हुनेछ।

वृष : लगानीको अवसर जुर्नेछ।रचनात्मक कार्यको जस लिने अवसर प्राप्त हुनेछ ।

मिथुन : नर्यां कुरा सिक्ने चाहना बढ्नेछ। अनावश्यक खर्चले दबाब दिन सक्छ।

कर्कट : अत्यौल हदका निर्णय लिन सहज हुनेछ। जिम्मेवारी पूरा गर्न ध्यान दिनुहोस्।

सिंह : जागिरका लागि आफ्नो सीप निखार्नुहोस्। थकान लागे आराम गर्नुहोस्।

कन्या : समस्या सुल्झाँदा मनमा सन्तोष मिल्नेछ। कामको सूची बनाएर अघि बढ्नुहोस्।

तुला: आफन्तको साथले मनमा भरोसा बढ्नेछ। रोजगारीका अवसर खोज्नुहोस्।

वृश्चिक : समस्या सुल्झाउने हिम्मत आउनेछ। परीक्षाको तयारी नियमित गर्नुहोस्।

धनु: अनुभवले मनमा उत्साह जगाउनेछ। काम वा यात्राको योजना मिलाउनुहोस्।

मकर : कार्यक्षेत्रमा धेरैले काम लिनुहोला । लेनदेनबाट तनाव बढ्नेछ।

कुम्भ: पैसाको लेनदेन स्पष्ट राख्नुहोस्। पर्याप्त निद्राले शरीर फुर्तिलो बनाउनेछ।

मीन :कार्यक्षेत्रमा सहयोग पाइएला। आलस्यले गर्दा लाभकारी योजनाहरू गुम्ने छन् ।

कृषि

पाकेको बाली समयमै स्याहार्न किसानलाई आग्रह



बद्दपुर (झापा), झापाको हात्ती प्रभावित क्षेत्र बाहुनडाँगीमा जंगली हात्तीको आवागमन बढेपछि जिल्ला प्रशासन कार्यालयले किसानलाई पाकेको धानबाली समयमै भित्र्याउन आग्रह गरेको छ । बाली भित्र्याउने अवधिभर हात्तीको प्रवेश नियन्त्रण गर्न थप सुरक्षाकर्मी परिचालन गर्ने तयारी गएकाले प्रशासनले समयमा बाली स्याहार्न आग्रह गरेको हो ।

शुक्रबार बिहान हात्तीको आक्रमणबाट बुद्धशान्तिमा एक जना घाइते भएपछि प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलको नेतृत्वमा जिल्लास्थित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रमुखसहितको टोली हात्ती प्रवेशको मुख्य बिन्दु बाहुनडाँगी पुगेको थियो । भारतबाट जंगली हात्ती नेपाल प्रवेश गर्ने मुख्य नाका मेचीनगर नगरपालिका-४ बाहुनडाँगी पुग्दा किसानहरू पाकेर पहँलपुर भएको धान काट्न र ढुवानी गर्न व्यस्त थिए । स्थानीय जनप्रतिनिधि, सैसंस्थाका प्रतिनिधि, डिभिजन वन कार्यालयका कर्मचारी तथा सुरक्षाकर्मीको समन्वयमा किसानहरू बाली भित्र्याउन जुटेका थिए । स्थलगत अवलोकनका क्रममा प्रमुख जिल्ला अधिकारी पोखरेलले किसानको पाकेको बाली जोगाउनु अहिलेको प्राथमिकता भएको बताए ।

'किसानले दुःख गरेर लगाएको बाली हात्तीबाट जोगाउन आवश्यक सुरक्षा प्रबन्ध मिलाउँछौं । बाली भित्र्याउने समयसम्म हात्तीको प्रवेश नियन्त्रण गर्न थप सुरक्षाकर्मी परिचालन गर्छौं', उनले भने, 'किसानले पनि पाकेको बाली सकेसम्म ढिला नगरी समयमै घर भित्र्याउनुहोला ।' स्थानीय किसानले कम्तीमा पाँच दिनसम्म हात्तीको प्रवेश नियन्त्रण गर्न सके पाकेको धानबाली सुरक्षित रूपमा स्याहर्न सकिने भन्दै प्रशासनसँग आग्रह गरेका थिए । किसानको माग सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी पोखरेलले जिल्लाबाट थप सुरक्षा जनशक्ति परिचालन गरी स्थानीय समुदायसँगको समन्वयमा हात्तीको प्रवेश नियन्त्रण गर्न सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिएका थिए ।स्थलगत अवलोकनपछि मेचीनगर-४ का वडाध्यक्ष अर्जुन कार्कीको पहलमा किसान, सैसंस्थाका प्रतिनिधि र सुरक्षा निकायका प्रमुखबीच अन्तरक्रियासमेत भएको थियो । हात्ती नियन्त्रणका लागि खटिएको सुरक्षा टोलीलाई प्रमुख जिल्ला अधिकारी पोखरेलले टर्चलाइट र हाते माइक हस्तान्तरण गर्नुभएको थियो । ती सामग्री वडाध्यक्ष कार्कीको पहलमा उपलब्ध भएका हुन् । हाल उक्त क्षेत्रमा सशस्त्र प्रहरीका १० जना, नेपाल प्रहरी, डिभिजन वन कार्यालयका कर्मचारी तथा स्थानीय युवासहितको टोली परिचालन गरिएको छ । प्रमुख जिल्ला अधिकारीको निर्देशनअनुसार तत्काल थप जनशक्ति खटाइने जिल्ला प्रहरी कार्यालय झापाको प्रमुख तथा प्रहरी उपरीक्षक वसुन्धरा खड्का र सशस्त्र प्रहरी बल नेपाल, नं २ गणका प्रमुख तथा सशस्त्र प्रहरी उपरीक्षक सचिन कर्माचार्यले बताएका छन् ।प्रशासनले सुरक्षा निकाय र स्थानीय समुदायबीच समन्वय गरेर हात्तीको आवागमन नियन्त्रण गर्ने तथा किसानलाई सुरक्षित रूपमा बाली भित्र्याउने वातावरण बनाउने जनाएको छ । **रासस**

केराको आयात शून्य हुँदा स्वदेशी उत्पादनलाई बजार



जनकपुरधाम, छठ पर्व नजिकिएसँगै जनकपुरधामसहित तराई-मधेसका बजारमा केराको किनबेच उल्लेख्य रूपमा बढेको छ। सूर्य उपासनाको यस पर्वमा केरालाई मुख्य प्रसादका रूपमा चढाउने परम्परा रहेकाले यतिबेला बजारमा यसको माग उच्च भएको हो।

पर्वको तयारी अन्तिम चरणमा पुग्दा व्यापारीहरू केरा बिक्री गर्न व्यस्त छन् भने उपभोक्ताहरू पनि पूजाका सामग्री जुटाउन बजार पुगिरहेका छन्। विगत वर्षहरूको तुलनामा यसपटक छठका लागि भारतबाट केरा आयात नभएको र स्वदेशी उत्पादनले नै बजारको माग धानिरहेको व्यवसायीहरूले जनाएका छन्। जनकपुर फलफूल व्यवसायी सैका अध्यक्ष विश्वेश्वर यादवका अनुसार यस वर्ष भारतीय केराको आयात शून्य रहेको छ। नेपालकै कैलालीको टीकापुर, नवलपरासी, चितवन, त्रिवेणी, हेटौंडा, निजगढदेखि पूर्वको बिर्तामोड, शनिश्चरे, इनरुवा र कोशी क्षेत्रबाट केरा आपूर्ति भइरहेकाले बजारमा अभाव नहुने उनले बताए।

अध्यक्ष यादवका अनुसार हाल बजारमा मिर्चमान जातको केरा प्रतिघरी १ हजारदेखि १ हजार २ सय रुपैयाँसम्म र गोपाल जातको केरा ५ सयदेखि १ हजार रुपैयाँसम्ममा बिक्री भइरहेको छ। बजारको अवस्थाबारे बोल्दै उनले भने, 'यस वर्ष छठका लागि भारतबाट केरा आयात गर्नुपर्ने अवस्था छैन, नेपालकै उत्पादनले बजारको माग पर्याप्त रूपमा धानेको छ।' विगतमा भारतबाट मिर्चमान र चम्पा जातका केरा बढी आउने गरे पनि पछिल्लो समय नेपालमै यसको खेती विस्तार भइरहेको उनले प्रस्ट पारे। उनले थपे, 'अहिले गोपाल र बन्सीबोट केरा पर्याप्त मात्रामा उपलब्ध छन् भने आगामी एक-दुई वर्षमा मिर्चमान र चम्पा जातका केरा पनि नेपालमै पर्याप्त उत्पादन हुने विश्वास लिएका छौं।'व्यवसायीहरूले बजारमा केराको सहज उपलब्धता रहेको दाबी गरे तापनि उपभोक्ताहरू भने मूल्यप्रति सन्तुष्ट हुन सकेका छैनन्। विगतमा भारतीय केरा आयात हुँदा मूल्यमा प्रतिस्पर्धा भई केही सस्तो पर्ने गरेकोमा यस वर्ष स्वदेशी केरा निकै महँगो भएको उनीहरूको गुनासो छ। केरा खरिद गर्न बजार पुगेका एक उपभोक्ताले व्यापारीहरूले प्रतिघरी १२ सयदेखि १५ सय रुपैयाँसम्म मागिरहेको बताए। पहिले ६-७ सय रुपैयाँमै पाइने गरेको केराको भाउ यसपालि दोब्बर जस्तै भएको उल्लेख गर्दै उनले छठजस्तो महत्वपूर्ण पर्वमा आवश्यक पर्ने सामग्रीको मूल्य नियन्त्रण गर्न सरकारले ध्यान दिनुपर्ने माग गरे। छठ पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिँदा केराको घरीसहित विभिन्न फलफूल तथा पूजा सामग्री चढाउने धार्मिक परम्परा छ। स्वदेशी उत्पादनले बजार धानेपछि किसान र व्यवसायी उत्साहित देखिए पनि अनियन्त्रित मूल्यका कारण सर्वसाधारण उपभोक्तामाथि भने थप आर्थिक भार परेको छ।

(*रातोपाटी डटकम*)

धान खरिददेखि प्रशोधनसम्म सहकारीको साथ



नेपालगञ्ज, बाँकेको राप्तीसोनारी गाउँपालिकास्थित साकार कृषि सहकारी संस्था लिमिटेडले यस वर्ष किसानबाट १० हजार क्विन्टल धान खरिद गर्न सुरु गरेको छ ।सहकारीले गाउँमै किसानको उत्पादन खरिद गर्न थालेपछि स्थानीय किसानलाई धान बिक्री गर्न सहज भएको छ । राप्तीसोनारी गाउँपालिका-६ फत्तेपुरको टेपरीमा केन्द्रीय कार्यालय रहेको सहकारीले किसानले उत्पादन गरेका विभिन्न जातका धान उचित मूल्यमा खरिद गरिरहेको छ ।

सहकारीका मुख्य प्रबन्धक जमानसिंह वलीले स्थानीय किसानलाई उत्पादनको उचित मूल्य दिलाउनुका साथै व्यावसायिक कृषिमा प्रोत्साहन गर्ने उद्देश्यले धान खरिद अभियान सञ्चालन गरिएको बताए।

'स्थानीय कृषकलाई प्रोत्साहन गर्न र उनीहरूको उत्पादनको उचित मूल्य सुनिश्चित गर्न धान खरिद गर्ने योजना बनाएर खरिद सुरु गरेका हौं,' उनले भने 'किसानका मेहनतलाई सम्मान गर्दै धानको जातअनुसार मूल्य निर्धारण गरेका छौं ।' सहकारीले मसिनो धान प्रतिक्विन्टल तीन हजार २०० रुपियाँ, राधा-४ मोटो धान दुई हजार ८५० रुपियाँ र हाइब्रिड धान दुई हजार ७५० रुपियाँका दरले खरिद गरिरहेको छ ।धान बिक्री गर्न इच्छुक किसानले सहकारीको गोदाम वा संकलन केन्द्रमा आफ्नो उत्पादन ल्याउन सक्ने व्यवस्था मिलाइएको छ ।गाउँमै धान बिक्री गर्न पाउने भएपछि राप्तीसोनारी क्षेत्रका किसानलाई बजारीकरणमा सहज हुने र उत्पादनको उचित मूल्य प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरिएको प्रबन्धक वलीले बताए ।सहकारीमा आठ हजारभन्दा बढी किसान सदस्य आबद्ध छन् । किसानबाट खरिद गरिएको धान भण्डारण गर्न राप्तीसोनारी गाउँपालिका-५ बिनौनास्थित गोदाममा व्यवस्था मिलाइएको सहकारीका अध्यक्ष हुमाशंकर वलीले जानकारी दिए।

सहकारीले धान खरिदसँगै किसानलाई बिउ उत्पादनमा प्रोत्साहन गर्दै आएको छ । किसानले उत्पादन गरेको बिउ धान सहकारीले खरिद गर्ने गरेको अध्यक्ष वलीले बताए । किसानको उत्पादनलाई स्थानीयस्तरमै प्रशोधन र बजारीकरण गर्ने उद्देश्यले सहकारीले ५५ लाख रुपैयाँ लगानीमा यस वर्षदेखि अत्याधुनिक 'सिल्की चामल मिल' सञ्चालनमा ल्याएको छ ।मिल सञ्चालनमा आएपछि राप्तीसोनारीका किसानले उत्पादन गरेको धान सहकारीमार्फत बिक्री गर्न र गाउँमै कुटानी तथा पिसानीको सुविधा लिन सहज भएको अध्यक्ष वलीले बताए । स्थानीयस्तरमै प्रशोधन र बजारीकरणको व्यवस्था भएपछि किसानको व्यावसायिक कृषिप्रतिको आकर्षण बढ्ने उनले विश्वास व्यक्त गरे ।किसानको उत्पादन खरिद, बिउ उत्पादनमा प्रोत्साहन तथा प्रशोधन र बजारीकरणको व्यवस्था सहकारीमार्फत हुन थालेपछि स्थानीय कृषि क्षेत्रको विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । किसान महासै बाँकेका अध्यक्ष कृष्णविक्रम केसीले सहकारीले गाउँमै धान खरिद गर्न थालेको कार्यले किसानलाई राहत पुग्ने बताए ।उनले स्थानीयस्तरमै उत्पादन बिक्री गर्न पाउने व्यवस्थाले किसानलाई आफ्नो उपजको बजारीकरणमा सहज हुने धारणा व्यक्त गरे ।**-रासस**

छठमा उखु बेच्न व्यस्त सिरहाका किसान



सिरहा, आस्थाको पर्व छठ नजिकिएसँगै सिरहाका बजार तथा सडक किनारमा उखु बेच्ने किसानहरूको चहलपहल बढेको छ । छठपर्वका लागि उखु किन्न उपभोक्ताहरू बजार पुग्न थालेपछि किसानहरू बिक्री गर्न व्यस्त देखिएका छन् ।

सिरहाको गोलबजारसहित जिल्लाका विभिन्न बजार तथा मुख्य चोकमा किसानहरूले सडक किनारमै उखु राखेर बिक्री गरिरहेका छन् । छठपर्वमा अस्ताउँदो र उदाउँदो सूर्यदेवलाई अर्घ्य अर्पण गर्दा उखु चढाउने धार्मिक परम्परा रहेकाले यस पर्वमा उखुको विशेष महत्व रहेको छ ।पर्व नजिकिएसँगै किसानहरूले खेतबाट उखु काटेर बजारमा बिक्रीका लागि ल्याउन थालेका छन् । गोलबजारमा प्रतिघरी २५ रुपैयाँका दरले उखु बिक्री भइरहेको स्थानीय किसान ओमकुमार महतोले बताए ।छठपर्वले धार्मिक तथा सांस्कृतिक महत्व बोकेसँगै स्थानीय किसानहरूलाई आफ्नो कृषि उत्पादन बिक्री गरी आम्दानी गर्ने अवसरसमेत प्रदान गरेको छ । पर्वको रौनकसँगै बजारमा उखु किन्ने उपभोक्ताहरूको चहलपहल पनि बढ्दै गएको छ ।

(*बनलाईन खबर डटकम*)

आजदेखि वर्षाको सम्भावना,धान जोगाउन आग्रह




पाल्पा, कार्तिक २८/ पश्चिमी वायुको प्रभाव विस्तारै बढ्दै जाँदा आइतबारदेखि सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशका पहाडी तथा हिमाली भूभागमा वर्षा र हिमपातको सम्भावना रहेको नेपाल मौसम विभागले जनाएको छ ती क्षेत्रमा मध्यमसम्म वर्षा र हिमपात हुन सक्ने विभागको पूर्वानुमान छ ।

विभागकी मौसमविद् बिनु महर्जनले पश्चिमी वायुको प्रभावले आइतबार वर्षाको सम्भावना देखिएको बताइन् । "पश्चिमी वायुको प्रभावले गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली भूभागमा वर्षा र हिमपातको सम्भावना देखिएको छ । ती क्षेत्रमा मध्यमसम्म वर्षा हुन सक्छ," महर्जनले भनिन्, "तराईका अधिकांश क्षेत्रमा भने वर्षाको सम्भावना छैन । " सुदूरपश्चिमको तराईका एकदुई स्थानमा फाट्टफुट्ट वर्षा हुन सक्ने भए पनि मुख्य प्रभाव पहाडी र हिमाली भूभागमा रहनेछ । आइतबारपछि मौसममा ठूलो परिवर्तन आउने सम्भावना नरहेको उनको भनाइ छ । केही स्थानमा मेघगर्जन, चट्याङ तथा असिनासमेत पर्नसक्ने भएकाले काट्न बाँकी रहेको धानबाली सुरक्षित गर्न मौसमविद्ले सुझाव दिएका छन् । अहिले खेतमा रहेको धानबाली र काटेर सुकाउन राखिएको परालमा वर्षा तथा असिनाले क्षति पुऱ्याउन सक्ने भएकाले किसानले सावधानी अपनाउनुपर्ने देखिन्छ । यद्यपि अहिले देखिएको प्रणाली ठूलो र व्यापक प्रभाव पार्ने खालको भने छैन । हिउँदको समयमा हुने वर्षा र हिमपातले हिउँदे बालीका लागि आवश्यक चिस्यान उपलब्ध गराउने भएकाले कृषि उत्पादनका दृष्टिले यसलाई सकारात्मक रूपमा पनि लिन सकिने मौसमविद्हरु बताउँछन् ।

खेलकुद समाचार

एन्फाले अधिवेशनको प्रक्रिया अगाडि बढाउने



काठमाडौं, कार्तिक २८/ अखिल नेपाल फुटबल संघ (एन्फा) ले संघको नियमित अधिवेशन प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । शनिबार बसेको एन्फाका बहुमत सदस्यहरूको बैठकले अर्ली इलेक्सन गर्ने २०८२ साल पुस १६ गतेको निर्णय बदर गर्दै नियमित चुनाव प्रक्रिया अघि बढाउने निर्णय गरेको हो ।

संघले विज्ञप्ति निकालेर चुनावको प्रक्रिया अघि बढाउन संघको निलम्बन फुकुवा, संस्थागत स्वच्छता र स्वाधीन निर्णय कार्यान्वयनका लागि सम्बन्धित सबै पक्षसँग सहयोगको आह्वान गरेको छ । एन्फाका अध्यक्ष र महासचिवसँग माग गरेको लिखित स्पष्टीकरणको जवाफ प्राप्त नभएपछि पुनः तीन दिनभित्र सत्यतथ्य विवरण पेस गर्न संघको अनुरोध गरेको छ । संघले निमित्त महासचिव दामोदर भट्टराईलाई एन्फा कार्यालय सञ्चालन, पत्राचार तथा नियमित प्रशासनिक गतिविधि सञ्चालन गर्न आवश्यक अधिकार प्रदान गरेको छ ।त्यसै बैठकले फिफा १५ वर्षमुनिको फेस्टिभलमा सहभागी भई उत्कृष्ट नतिजा ल्याउन सफल खेलाडीहरू र प्रशिक्षकलाई जनही ५०/५० हजार र अफिसियललाई जनही ३०/३० हजार नगद पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ ।

अर्थ/कर्पोरेट समाचार

निष्क्रिय कर्जा ५ दशमलव ६४ प्रतिशत



काठमाडौं, कार्तिक २८/ चालु आर्थिक वर्षको पहिलो त्रैमाससम्म २० वाणिज्य बैंकहरुको निष्क्रिय कर्जा (एनपीएल) ५ दशमलव ६४ प्रतिशत पुगेको छ । बैंकहरूको नाफामा सुधार देखाए पनि कर्जाको गुणस्तरमा अपेक्षित सुधार नआएको देखाएको हो ।

सुस्त अर्थतन्त्रका कारण कर्जा असुलीमा देखिएको कठिनाइ र ऋणी भुक्तानी क्षमतामा परेको दबाबका कारण बैंकहरूको निष्क्रिय कर्जा लगातार बढिरहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात ४ दशमलव ८६ प्रतिशत थियो । एक वर्षमै बैंकहरूको औसत निष्क्रिय कर्जा ०.७८ प्रतिशत विन्दुले बढेको हो । यो बैंकहरूले सार्वजनिक गरेको अपरिष्कृत तथ्यांक हो । केन्द्रीय बैंकले सार्वजनिक गर्ने परिष्कृत वित्तीय विवरणमा तथ्यांक केही फेरबदल हुन सक्छ ।

तर, यही अवधिमा बैंकहरूले सम्भावित कर्जा नोक्सानी व्यवस्थाबापत छुट्याउनुपर्ने रकम भने उल्लेख्य घटाएका छन् । निष्क्रिय कर्जा बढेको यो अवधिमा बैंकहरूले कर्जा नोक्सानी व्यवस्थाबापत छुट्याएको रकम भने ४४ दशमलव ९ प्रतिशतले घटाएका छन् । गत आवको पहिलो त्रैमासमा २० अर्ब १४ करोड २ लाख रहेको यस्तो रकम चालु आर्थिक वर्षको सोही अवधिमा घटेर ११ अर्ब ९ करोड ६६ लाखमा सीमित भएको छ । बैंकहरूले अधिल्लो वर्षको तुलनामा करिब ९ अर्ब ४ करोड रुपैयाँ कम रकम कर्जा नोक्सानी व्यवस्थामा छुट्याएका छन् ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मूल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु. ४००/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ३००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ३५०/

सरकारी तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु.५५०/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ४५०/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ५००/-

डिस्प्ले		अन्य	
डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट	ठूलो डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. २००/- (१x५ सि.सि.)	प्रति बक्स	रु. १५००/- (२x१० सि.सि.)
राहदानी	रु. ८००/-	प्वाइन्टर	रु. १०००/-

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला सानिक गेभा गा.वि.स.-४, आधिघाट हाल रामपुर नगरपालिका १० निवासी भारतिय भू.पू.सैनिक नं. 5240998 K का HAV गोविन्द थापा (ना.प्र.मा गोविन्द सारु थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मोनिसरा (Monisara) र जन्म मिति सन् १९५५ जुलाई १ (वि.स.२०१२/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा मनिसरा सारु (Manisara Saru), जन्म मिति वि.स. २०११/०५/०१ (सन् १९५४ डिसेम्बर १६)उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

दुई नामथर फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला सानिक तानसेन नगरपालिका-३, हाल तानसेन नगरपालिका-६ निवासी भारतिय भू.पू.सैनिक नं. 5248992 X का NK ACP-1 जीत बहादुर थापा (ना.प्र.मा जीत बहादुर चितौरे थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा शान्ति माया थापा र जन्म मिति सन् १९८४ जनवरी १८ (वि.स.२०४०/१०/०४) र नेपाली नागरिकता प्रमाणपत्रमा शान्ति माया चितौरे थापा, जन्म मिति वि.स. २०४०/१०/०४ (सन् १९८४ जनवरी १८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर-५ तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. १८/०७१/०७२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई